# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### केराबारी, मोरङ
### कोशी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित मिति :२०८२।०८।०३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ 'क' को उपदफा (१) तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट) उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपशिल बमोजिमको खोला/नदीहरुबाट तोकीएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ. व. २०८१।८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल वमोजिम शर्तको अधिनमा रही बिधुतिय बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| सि.न | ठेक्का नं. | विवरण | उत्खनन/विक्री योग्य परिमाण (घ.फी.) | न्युनतम ठेक्का अंक रु (मु.अ.कर बाहेक ) | बोलपत्र मुल्य (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८/ राजश्व/ केराबारी/ २०८२।०८३ | यस गाउँपालिका क्षेत्र भित्र रहेको खदम खोला अन्तर्गत IEE प्रतिवेदनका आधारमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी/मिक्सगिट्टी,बालुवा र भरौट) उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | १,३९,७६,३४८.४० | ९,७८,३४,४३८।८० | ५०००।- | E-biding |

- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट) को खरिद दर प्रति क्यु.फिट रु.७०० (मु.अ.कर बाहेक) र बिक्री दर प्रति क्यु.फिट रु.८।०० (मु.अ.कर बाहेक)
- विस्तृत सूचना र शर्तहरुको लागि www.bolpatra.gov.np/egp र गाउँपालिकाको वेवसाइट www.kerabarimun.gov.np मा हेर्नुहुन अनुरोध छ । सम्पर्क नं ०२१-४०३११०

**केराबारी गाउँपालिका**

# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी मोरङ, कोशी प्रदेश, नेपाल

जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना ।

**प्रथम पटक प्रकाशित मिति :२०८२।०८।०३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ 'क' को उपदफा (१) तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट) उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपशिल बमोजिमको खोला/नदीहरुबाट तोकीएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ. व. २०८०।८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल वमोजिम शर्तको अधिनमा रही बिधुतिय बोलपत्र आह्वान गरिएको छ ।

| सि.न | ठेक्का नं. | विवरण | उत्खनन/विक्री योग्य परिमाण (घ.फी) | न्युनतम ठेक्का अंक रु (मु.अ.कर बाहेक ) | बोलपत्र मुल्य (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८/ राजस्व/केराबारी /२०८२।०८३ | यस गाउँपालिका क्षेत्र भित्र रहेको **खदम खोला** अन्तर्गत IEE प्रतिवेदनका आधारमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी/मिक्सगिट्टी,बालुवा र भरौट) उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | १३,९७६,३४८.४० | ९,७८,३४,४३८।८० | ५०००।- | E-biding |

- **नदीजन्य पदार्थ** (ढुङ्गा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट) **को खरिद दर प्रति क्यु.फिट रु.७।०० (मु.अ.कर बाहेक) र बिक्री दर प्रति क्यु.फिट रु.८।०० (मु.अ.कर बाहेक)**

### शर्तहरु

१. E-bidding बोलपत्र फारम खरीद गर्न केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको **(ग.१.१. आन्तरिक राजश्व खाता केराबारी गाउँपालिका,खाता नं** ***०५६२०५६५०१४२३००२, राजश्व शिर्षक १४२२९, कार्यालय कोडः ८०१०११३१२)*** मा जम्मा गरी सो को भौचर स्क्यान गरी पेश गर्नुपर्नेछ । साथै बोलपत्रदाताले कबोल गरेको भ्याट सहितको अंकको **५ प्रतिशत** रकम बोलपत्र जमानत बापत केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको **(ग.३. स्थानीय धरौटी खाता केराबारी गाउँपालिका, वैंक खाता नम्बर** ***०५६२०५६५०१४२३००८)*** मा जम्मा गरि उक्त भौचर वा मान्यता प्राप्त "क" वर्गको वैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन अवधी भएको बिडवन्ड पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे भित्र online माध्यमबाट दर्ता गराउनुपर्नेछ।

३. बोलपत्र दर्ता भएको दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्रदाताले https://bolpatra.gov.np/egp मा आवश्यक कागजात सहित कबोल रकम एकमुष्ट मु.अ.कर वाहेक प्रविष्ट गर्नुपर्नेछ।उक्त सिस्टमले मु.अ.कर स्वत गणना गरी मु.अ.कर सहितको कुल कबोल अंक देखाउनेछ ।

५. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ।

६.छनौट भएको बोलपत्र दाताले कबोल गरेको भ्याट सहितको एकमुस्ट रकम यस कार्यालयको एन आईसी एसिया वैंकमा रहेको **(ग.६.१ स्थानीय तह विभाज्यकोष खाता-केराबारी गाउँपालिका, खाता नं** ***०५६२०५६५०१४२३०१४)*** मा जम्मा गरी सो को सक्कल भौचर सहित सम्झौता गर्न आउनु पर्नेछ । साथै ठेक्का सम्झौताकै बखद सम्पुर्ण रकम जम्मा गरेमा मु.अ.कर बाहेको रकममा १० % छुट दिइने छ ।

७. एकमुष्ट रकम जम्मा गर्न नसकिने भएमा कबोल गरेको मु.अ.कर सहितको रकमको ५० % रकम गाउँपालिकाको बिभाज्य कोष खातामा जम्मा गरेको सक्कल बैंक भौचर र बाकी ५० % रकमको हकमा सो रकम बराबारको बैंक जमानत सहित सम्झौता गर्न आउनुपर्नेछ । बैंक जमानत सम्झौता अन्त्य हुने मितिवाट थप ६० दिनको पेश गर्नुपर्नेछ ।बाँकी रहेको (कबोल गरेको मु.अ.कर सहितको रकमको ५० % रकम मध्ये आधा रकम २०८२ फागुन मसान्त भित्र र बाँकी आधा रकम २०८३ बैसाख मसान्त भित्र केराबारी गाउँपालिकामा दाखिला गर्नुपर्नेछ ।उल्लेखित शर्त पुरा नभएमा तत्काल बैंक जमानत जफत गर्नका लागि प्रक्रिया अगाडी बढाइनेछ ।

८. नदीजन्य पदार्थको उत्खनन् समय विहान ६ बजे देखि बेलुका ६ बजे सम्म मात्र हुनेछ । सो अवधि भन्दा बाहेक नदी क्षेत्रमा कुनै प्रकारको उत्खनन् गर्न पाइनेछैन । उत्खनन् गरेको पाइएमा जरिमाना सहित ठेक्का सम्झौता रद्द समेत गर्न सक्नेछ ।

९. ठेक्काको अवधि सम्झौता मिति देखि २०८३ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा उत्खनन गर्न रोक लगाइनेछ र ठेक्काको म्याद समेत उत्खनन् परिमाण समाप्त भए संगै स्वतः समाप्त हुनेछ ।

१०. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द, हडताल वा कुनै मानव सिर्जित कारणबाट हुने अवरोध भएको भनि छुट माग गर्न पाइने छैन र सोही कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट, मिनाहा, माफि दिइने छैन ।

११. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्नुपर्नेछ ।

१२. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

१४. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ । बोलपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१५. नदी वा खोलाहरुमा उत्खनन तथा संकलन गर्दा हेभि इक्विप्मेन्ट प्रयोग सम्बन्धी व्यवस्था IEE प्रतिवेदन बमोजिम हुनेछ ।

१६. नदीजन्य पदार्थ उत्खनन्न संकलन गर्दा प्राकृतिक धारा किनारा घाट, कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी IEE ले तोके बमोजिम मात्र ढुङ्गा, गिटी, बालुवा र भरौट उठाउनु पर्नेछ ।

१७. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदीजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्रको अभिन्न अंग हुने छ ।

१८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी पेश भएको बोलपत्र माथी कुनै कार्बाही गरिने छैन ।

१९. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२०. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

२१. यस सूचना भएका विषय यसै सूचना बमोजिम तथा उल्लेख नभएका विषयहरु **केराबारी गाउँपालिकाको नदिजन्य पदार्थहरुको उत्खन्न, संकलन तथा विक्री मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८** तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन ।

**केराबारी गाउँपालिका**